# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs                    Date:23.02.2026

- State Credit Seminar

राष्ट्रिय कृषि तथा ग्रामीण विकास ब्याङ्ग (नाबार्ड)-को सिक्किम क्षेत्रीय कार्यालयले आज राज्य ऋण संगोष्ठी २०२६–२७-को आयोजना गऱ्यो। स्थानीय एक होटमा आयोजित कार्यक्रममा मुख्य सचिव रविन्द्र तेलाङ विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।

कार्यक्रममा सार्वजनिक गरिएको राज्य फोकस पेपर २०२६–२७ अनुसार आगामी आर्थिक वर्षका लागि राज्यको कुल सम्भावित ऋण क्षमता एक हजार सात सय एक करोड़भन्दा अधिक हुने आँकलन गरिएको छ। यसमध्ये पाँच सय उननब्बे दशमलौ शुन्य चार करोड कृषि तथा सहायक क्षेत्रमा, नौं सय अड्सट दशमलौ निरनब्बे करोड MSME क्षेत्रमा र एक सय तीरचालीस दशमलौ एक नौं करोड रूपियाँ अन्य प्राथमिकता क्षेत्रका लागि छुट्याइएको छ। मुख्य सचिव श्री तेलाङले आर्थिक वृद्धि र मानव विकासमा ऋण प्रवाहको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै कल्याणकारी योजनालाई ऋणमा आधारित विकास मोडेलसँग जोड्नुपर्नेमा जोड दिनुभयो। कृषि र सम्बद्ध क्षेत्रहरूको सन्दर्भमा उहाँले छुट्टै र परिवर्तनशील दृष्टिकोणको साटो केन्द्रित, क्लस्टर-आधारित विकासको आवश्यकतामाथि प्रकाश पार्नुभयो।

--------------------------------------X--------------------------------------

- CM NSP

मुख्यमन्त्री प्रेमसिंह तामाङले नेपाली साहित्य परिषद्, सिक्किमको अध्यक्ष पदमा लगातार

दोस्रोपल्ट निर्वाचित हुनुभएका हरि ढुंगेललाई बधाई तथा शुभकामना दिनुभएको छ। उहाँले ढुंगेलको पुनः निर्वाचन, परिषद्का सदस्यहरूले उहाँको नेतृत्वप्रति देखाएको विश्वास र समर्पित सेवाको मान्यता बताउनुभयो।
मुख्यमन्त्रीले नवनिर्वाचित पदाधिकारीहरू उपाध्यक्षद्वय रत्ना लुक्सम सुब्बा र नीलम नियोपाने, महासचिव भीम रावत, कोषाध्यक्ष GS सुब्बा लगायत सबै पदाधिकारी तथा कार्यकारी सदस्यहरूलाई पनि बधाई दिँदै उहाँहरूको सामूहिक जनादेशले सिक्किममा नेपाली साहित्य र संस्कृतिको प्रवर्द्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गर्नुभएको छ।
मुख्यमन्त्री श्री तामाङले परिषद्ले राज्यको साहित्यिक तथा सांस्कृतिक धरोहरको संरक्षण र संवर्द्धनमा निरन्तर योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै अध्यक्ष श्री ढुंगेलकाे अनुवाद विस्तार, लोकसाहित्य संरक्षण तथा युवा सहभागिता बढाउने योजनाको प्रशंसा गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Notification

सिक्किम सरकारको गृह विभागले एक्काइक फरवरीमा एउटा अधिसूचना जारी गर्दै तीन-को बदलीमा चार मार्चलाई होलीको विदा घोषित गरेको छ। यद्यपि, अघावै अधिसूचितअनुरूप तीन मार्च बुमछुको विदाका रूपमा रहने अधिसूचनामा जनाइएको छ।

--------------------------------------X--------------------------------------

- Indian Army Rescue Operation

गान्तोक जिल्लाका उच्च पहाडी क्षेत्रमा भारी हिमपातपछि भारतीय सेनाले द्रुत र समन्वित रूपमा उद्धार अभियान सञ्चालन गर्दै बाहीस फरवरीका दिन Operation हिमराहतअन्तर्गत मौसमको प्रतिकुल अवस्थाका कारण अलपत्र परेका स्थानीयवासी र पर्यटकहरूलाई सहयोग पुऱ्यायो।
अवस्थाको गम्भीरतालाई ध्यानमा राखेर भारतीय सेनाका जवानहरूले तत्काल प्रभावित क्षेत्रमा पुगेर राहत तथा उद्धार कार्य शुरू गरे। यस क्रममा कुल छ्यालीसजना पर्यटकलाई सकुशल उद्धार गरी नजिकैको सैनिक शिविरमा राखियो।

--------------------------------------X--------------------------------------

- Anaemia camp

तीन दिवसीय रक्तअल्पता शिविरलाई निरन्तरता दिँदै आज दोस्रो दिन राभाङला लालबजारमा राभाङ ग्रामीण परियोजनाअन्तर्गत स्तनपान पोडको उदघाटन गरीयो। जिल्ला पञ्चायत सदस्य प्रमुख अतिथि रहेको कार्यक्रममा राभाङलाका बाल विकास कार्यक्रम अधिकारी (CDPO) नोर्बु लेप्चाले स्तनपान पोडको उद्देश्य र कार्यसम्बन्धी जानकारी दिनुभयो। पोषणका सहायक निदेशकले रक्त अल्पताबारे प्रकाश पार्नुभयो भने स्वास्थ्य शिक्षाविद्ले शिशुका लागि पूर्ण स्तनपानको महत्त्वबारे जानकारी दिनुभयो।

--------------------------------------X--------------------------------------

- Medical Camp

भारतीय सेनाले स्वास्थ्य एवं परिवार कल्याण विभागसितको सहकार्यमा मंगन जिल्लाको चुङथाङमा आज नागरिक समुदाय र श्रमिकहरूका निम्ति चिकित्सा तथा दाँतको स्वास्थ्य जाँच शिविर आयोजन गऱ्यो। यस क्षेत्रका मानिसहरूलाई आवश्यक स्वास्थ्य हेरचाह सेवा उपलब्ध गराउनका साथै स्वास्थ्यबारे जनचेतनालाई अभिवृद्धि गर्ने उद्देश्यले आयोजित शिविरमा चिकित्सा अधिकारी, दाँत रोग विशेषज्ञ र चिकित्सा विशेषज्ञहरूले विरामीहरूको स्वास्थ्य जाँच गरे। एकसटजना पुरूष, सैंतीसजना महिला र अन्ठनब्बेजना विद्यार्थीसहित दुई सय सातजनाले स्वास्थ्य जाँच गराएको यस शिविरअवधि दाँतको परीक्षण, सामान्य चिकित्सा परीक्षण, स्वास्थ्य जागरूकता व्याख्यान र औषधि वितरण जस्ता आवस्यक सुविधा प्रदान गरियो।

--------------------------------------X--------------------------------------

- Preparatory Meeting for SALF

आगामी छब्बीसदेखि अट्ठाइस अप्रेलसम्म आयोजन गरिने तीन दिवसीय सिक्किम कला तथा साहित्य उत्सवलाई लिएर आज शिक्षा विभागअन्तर्गत विद्यार्थी कल्याण बोर्डको तयारी बैठक बस्यो। विधायक आदित्य गोलेको अध्यक्षतामा बसेको बैठकमा प्रारम्भिक योजना, सामुहिक रणनीति र यस उत्सवलाई सिक्किमे युवाहरूका लागि महत्त्वपूर्ण सांस्कृतिक र साहित्यिक मञ्चको रूपमा स्थापित गर्न आवश्यक व्यापक दृष्टिबारे चर्चा गरियो।
यसअतिरिक्त बैठकमा समावेशीता, विद्यार्थीहरूको सक्रिय संलग्नता अनि स्थानीय कला, साहित्य र बौद्धिक चर्चामाथि जोड़ दिइयो।

--------------------------------------X--------------------------------------

- Pro Couples Winner

सिक्किमले आग्रा एडभेञ्चर ऱ्यालीमा उत्कृष्ट प्रदर्शन गर्दै प्रो कपल्स विधाको उपाधि जितेको छ। इनकारनेशन स्पोर्ट्र्स, मोटरस्पोर्ट्स क्लब अफ् आग्रा, आग्रा जिल्ला प्रशासन र उत्तर प्रदेष पर्यटन विभागद्वारा आयोजित TSD कार तथा मोटरसाइकल ऱ्यालीमा सिक्किम टोलीकी चालक अन्नापूर्ण आले र नेभिगेटर पुरण तामाङले पहिलो स्थान हासिल गर्दै यो उपाधी हात पारेका हुन्। श्रीमती आले सिक्किम सरकारको सूचना एवं जनसम्पर्क विभागकी सचिव र उहाँका पती परुण तामाङ राज्यका एक वरिष्ठ पत्रकार हुनुहुन्छ।

--------------------------------------X--------------------------------------